# सिम्रौनगढ नगरपालिकाको बैदेशिक रोजगार सम्बन्धी

# पार्श्व चित्र-२०७७







- भारतबाट प्राप्त विप्रेषण रू. २६८९,०००÷जम्मा भारत गएका संख्या २३ जना÷१२ महिना = (प्रति व्यक्ति प्रति महिना औसत कमाई रू.९,७४२/७५)
- खाडी, मलेसिया/अन्य देशबाट प्राप्त विप्रेषण रू. १७२०२४०००/÷जम्मा विदेश गएका संख्या ६१२ जना÷१२ महिना= (प्रति व्यक्ति प्रति महिना औसत कमाई रू. रू. २३४२३/७४)

**Migration Profile**

**Simraungadh N.P.**



# प्राक्कथन

नेपाल राज्यको पुर्नसंरचना संगै देश संघीयतामा प्रवेश गरेको छ । राज्यका सरकारहरु तीन तहमा विभाजित भएका छन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीनै तहका सरकारले संवैधानिक अधिकार अन्तर्गत कार्य संचालन गरेका छन । नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा व्यवस्था गरी संविधानमै यसका अधिकारको व्यवस्था गरेको छ । स्थानीय सरकार आफ्नो एकल अधिकार सूचीका विषयमा कानून बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने अधिकार राख्दछन् । संवैधानिक व्यवस्था अन्तर्गत गठन भएको सिम्रौनगढ नगरपालिकाले आफ्नो अधिकार अन्तर्गत रहेर आफ्ना नीति तर्जुमा गर्ने, विकासका योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, जनताका सुविधाका कार्यहरुको सुरुवात गरेको छ । नगरपालिकाको वार्षिक, आवधिक तथा दिर्घकालिन योजना निर्माण गर्न लगायत हरेक चरणका कार्यहरु योजनाबद्ध ढंगले अगाडी बढाउन नगरपालिकाको वस्तुगत विवरण आवश्यक रहेको छ । यसैलाई मध्यनजर गर्दै नगरका भौतिक, सामाजिक, आर्थिक लगायात सम्पूर्ण सूचनाहरुबाट सु-सूचित गराउने उद्देश्यले सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढले उपलब्ध सूचना एंव तथ्यांकलाई संकलन र विश्लेषण गरी वस्तुगत विवरण प्रकाशित गरि सकेको अवस्था छ ।

उक्त पार्श्वचित्रमा समग्र सूचनाहरु समावेश गर्ने पक्षमा जोड दिइएको भए पनि कतिपय क्षेत्रगत सूचनाहरुको विस्तृत विवरण संकलन गर्न यस स्थानीय तहले अनिवार्यता महसुस गर्‍यो । सोही अनुरुप वैदेशिक रोजगारको विषयमा विस्तृत विवरण संकलन गरी यस क्षेत्रको चुनौति, अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यले **"वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०७७"** तयार गरेको छ । नेपालको संविधान २०७२ ले वेदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । साथै स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई तथ्यांक संकलन, सूचना केन्द्र संचालन तथा सूचना प्रवाह, सीप तालिम, वित्तीय साक्षरता, परिवारिक पुनःएकिकरण लगायतको वैदेशिक रोजगारको क्षेत्रमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी प्रदान गरेको छ । उक्त जिम्मेवारीलाई वार्षिक, आवधिक तथा रणनीतिक योजनाहरुमा समावेश गरी विभिन्न कार्यक्रमहरु संचालन गर्न वा यस क्षेत्रको नियमन तथा व्यवस्थापनको लागि वैदेशिक रोजगार सम्बन्धी आधारभूत तथ्यहरु आवश्यक थियो । यस पार्श्वचित्रबाट उक्त आवश्यक जानकारी तथा तथ्यांकहरु उपलब्ध भएका छन् । जसले गर्दा यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक गतिविधिहरुको योजना निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु ।

उक्त पार्श्वचित्र तयार गर्नमा दलित जनजाति उत्थान केन्द्र/सामी परियोजना र हेल्भेटास नेपालले प्राविधिक सहयोग प्रदान गरेकोमा यस सिम्रौनगढ नगरपालिका उक्त संस्थालाई हार्दिक धन्यवाद प्रदान गर्दछ । प्रस्तुत पार्श्वचित्र तयार गर्ने क्रममा त्रुटि रहित बनाउने प्रयास गर्दा गर्दै यसमा धेरै त्रुटि भएका होलान्, तपाईंहरुका सुझावहरु प्राप्त भए आगामी दिनहरुमा मार्गदर्शन हुनेछ ।

अन्तमा यो पार्श्वचित्र तयार गर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण नगरबासी, जानिफकार व्यक्तिहरु, सम्पूर्ण सरकारी कार्यालय, सेवा प्रदायक संस्था दलित जनजाति उत्थान केन्द्रका सम्बन्धित कर्मचारी तथा स्वयंसेवकहरु, विभिन्न संघसंस्था र नगरका सम्पूर्ण विद्धत वर्गहरु प्रति नगरपालिका कार्यालय हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछ ।

विजयशंकर प्रसाद यादव
सिम्रौनढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बारा

## बिषयसूची


| क्र.स. | बिषयबस्तु | पेज न. |
| --- | --- | --- |
| १. | पृष्ठभूमि | १ |
| २. | नगरपालिकाको परिचय | १ |
| ३. | नगरपालिकाको भौगोलिक अवस्था | २ |
| ४. | नगरपालिकाको जनसांख्यिक अवस्था | २ |
| ५. | पार्श्वचित्र निर्माणको लागि तथ्यांक संकलन सम्बन्धी पृष्ठभूमि | ३ |
| ६. | तथ्यांक संकलन तथा पार्श्व चित्र निर्माणको उद्देश्य | ४ |
| ७. | तथ्यांक संकलनको क्षेत्र र बिधि | ५ |
| ८. | तथ्यांक संकलनको सिमा | ५ |
| ९. | तथ्यांकको प्रयोगमा संबेदंसीलाता | ५ |
| १० | तथ्यांकको सारांश | ५ |
| ११. | जनसाख्यिक विवरण | ६ |
| १२. | सुरक्षित आप्रबासन अवलम्बनको अबस्था | ८ |
| १३. | विप्रेषण (Remittance) प्राप्ति तथा त्यसको उपयोग | ९ |
| १४. | बैदेशिक रोजगार सम्बन्धी समस्या तथा सामाजिक लागत | ११ |
| १५. | पालिका भित्रको बैदेशिक रोजगारको सवालहरु | १२ |
| १६. | निष्कर्ष तथा सुझाबहरु | १५ |
| १७. | तथ्यांक तथा अनुसूचीहरू | १६–३५ |

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२, ले नगरपालिका तथा गाउँपालिकालाई स्थानीय तहको रुपमा परिभाषित गरेको छ । स्थानीय तहको रुपमा रहेका यी सरकारहरु जनतालाई सरल रुपले सेवा प्रवाह गर्ने प्रक्रियामा छन् । स्थानीय तहको काम गर्नको लागि जिम्मेवारी प्राप्त गरेका यी निकायहरुले जनताको सर्वाधिक नजिकको साझेदार बनेर काम गर्न सुरवात गरिसकेका छन् । नगरपालिकाले आफ्नो जिम्मेवारी पुरा गर्दा आफ्नो नगरको आवधिक र वार्षिक योजना तर्जुमामा सहभागितामुलक प्रक्रियाबाट यथार्थपरक योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने हुन्छ । अतः नगरपालिकाको योजना तर्जुमाको लागि आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक आदि विविध पक्षको तथ्याङ्को आवश्यकता पर्दछ । नगरपालिकाका विविध पक्षहरुको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन् । समय समयमा नगरपालिकासँग सम्बन्धित सबै किसिमका तथ्य र तथ्याङ्क संकलन र विश्लेषण गरी सो तथ्याङ्कका आधारमा योजना तर्जुमा हुन सकेको अवस्थामा मात्र योजनाहरू वस्तुनिष्ठ हुन्छन् ।

नेपालको संविधान २०७२ ले वेदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । साथै स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई तथ्यांक संकलन, सूचना केन्द्र संचालन तथा सूचना प्रवाह, सीप तालिम, वित्तीय साक्षरता, परिवारिक पुनःएकिकरण लगायतको वैदेशिक रोजगारको क्षेत्रमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी प्रदान गरेको छ । उक्त जिम्मेवारीलाई वार्षिक, आवधिक तथा रणनीतिक योजनाहरुमा समावेश गरी विभिन्न कार्यक्रमहरु संचालन गर्न वा यस क्षेत्रको नियमन तथा व्यवस्थापनको लागि वैदेशिक रोजगार सम्बन्धी आधारभूत तथ्यहरु आवश्यक थियो । यस पार्श्वचित्रवाट उक्त आवश्यक जानकारी तथा तथ्यांकहरु उपलब्ध हुनेछन् । जसले गर्दा यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक गतिविधिहरुको योजना तर्जुमा गर्न तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्नेछ । वैदेशिक रोजगारको विषयमा विस्तृत विवरण संकलन गरी यस क्षेत्रको चुनौति, अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यले **"वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०७७"** तयार गरिएको छ ।

## २. नगरपालिकाको परिचयः

नेपालको प्रशासनिक विभाजन अन्तरगत २ नं. प्रदेशको बारा जिल्लाको पूर्वी दक्षिणी भेगमा अवस्थित सिम्रौनगढ नगरपालिकाले ऐतिहासिक पृष्ठभूमी बोकेको छ । यो नगरपालिका कृषि उत्पादन जस्तै गहु, मकै, आलु, हरियो तरकारीको क्षेत्रमा प्रसिद्ध छ । सिम्रौनगढमा भोजपुरी, बजिका, थारु, हिन्दी र नेपाली भाषा बोल्ने गर्दछन् । तराई क्षेत्रमा अवस्थित सिम्रौनगढ नगरपालिका बारा जिल्लाको सदरमुकाम कलैयाबाट करिव २५ कि.मी.दुरीमा रहेको छ ।

| नगरपालिकामा समावेश भएका वडा | वडाको नाम | साविक वडा |
|---|---|---|
| १ | सिम्रौनगढ १, बिशुनपुर ३,४,५ | सिम्रौनगढ १, बिशुनपुर ३,४,५ |
| २ | सिम्रौनगढ | सिम्रौनगढ २ |
| ३ | सिम्रौनगढ ३, बिशुनपुर ६-९ | सिम्रौनगढ ३, बिशुनपुर ६-९ |
| ४ | सिम्रौनगढ | सिम्रौनगढ ४, ५ |
| ५ | सिम्रौनगढ | सिम्रौनगढ ६ |
| ६ | सिम्रौनगढ | सिम्रौनगढ ७, ९ |
| ७ | सिम्रौनगढ | सिम्रौनगढ ८ |
| ८ | कचोर्वा | कचोर्वा १-५ |
| ९ | कचोर्वा | कचोर्वा ६-९ |
| १० | देवापुर टेटा | देवापुर टेटा १-९ |
| ११ | भगवानपुर | भगवानपुर १-९ |

## ३ नगरपालिकाको भौगोलिक अवस्थितिः

जैविक विविधताले भरिपूर्ण यो नगरपालिका समुन्द्र सतहबाट न्यूनतम ३०० मिटर उचाईदेखि १००० मिटरसम्म सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । साधारणतया जेष्ठको अन्त्यमा र असार देखि भाद्र महिनासम्म मनसुनको प्रभावले प्रर्याप्त वर्षा हुन्छ भने पुष माघ तिर उत्तरी वायुको प्रभावले फाटफुट वर्षा हुने गरेको छ ।

## ४. नगरपालिकाको जनसांख्यिक अवस्था

जनसंख्या राज्यको पहिलो शर्त हो । जनसंख्या बिना कुनै पनि राज्यको परिकल्पना हुन सक्तैन । देश विकासको पहिलो आधार र स्रोत जनसंख्या नै हो । मानव विना कुनै पनि गाउँ तथा नगरको अस्तित्व संभव हुन सक्तैन । राज्य तथा सरकारको महत्वपूर्ण हतियार तथा अधिकारको प्रदायक त्यस क्षेत्रका नागरिक अर्थात जनसंख्या हो । नगरको विकास गर्न जनसहभागिता अति आवश्यक हुन्छ । अर्थात जनसंख्या र विकासको बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । नगरको हरेक विकास जनताको लागि हो भने नगरको विकासको श्रोत पनि जनता नै हुन् । सार्वजनिक प्रशासनको मुल आधार पनि जनता नै हुन् । अतः गाउँ तथा नगरको विकासका लागि राज्य, सरकार वा प्रशासन सबैले जनसंख्याको विवरण अद्यावधिक गरि रहनु पर्दछ । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसंख्या विवरणले राज्यका क्रियाकलापलाई दिशा निर्देशको आधार उपलव्ध गराउँछ । सिम्रौनगढ नगरपालिकामा आफ्नो क्षेत्रभित्र रहेका बासिन्दाको विवरण तयार गरि विकासका क्रियाकलापलाई सहज बनाउनको जनसंख्याको तथ्याङ्क अद्यावधिक गर्ने क्रममा यस क्षेत्रभित्र रहेका नगरवासीको तथ्याङ्क तलको तालिकामा देखाईएको छ । जस अनुसार यस नगरपालिकाको जनसंख्या ४८,५७० रहेको छ ।

**नगरपालिकाको घरधुरी तथा जनसँख्या विवरण**

| वडा | घरधुरी | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ५६२ | ३५८३ | १८३७ | १७४६ |
| २ | ४७२ | ३१६१ | १६२८ | १५३३ |
| ३ | ४७२ | ३४३४ | १७३४ | १७०० |
| ४ | ५३० | ३६३६ | १८९९ | १७६७ |
| ५ | ५१३ | ३६३२ | १८५० | १७८२ |
| ६ | ६६० | ४५४८ | २३३६ | २२१२ |
| ७ | ८७७ | ५५२२ | २८२५ | २६९७ |
| ८ | ८६० | ६०९१ | ३२१५ | २८७६ |
| ९ | ७५४ | ४८६७ | २५१७ | २३५० |
| १० | ६४२ | ४७१६ | २४३२ | २२८४ |
| ११ | ७५१ | ५३५० | २७४२ | २६०८ |
| **जम्मा** | **७०९३** | **४८५७०** | **२५०१५** | **२३५५५** |



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

## ५. पार्श्व चित्र निर्माणको लागि तथ्यांक संकलन सम्बन्धी पृष्ठभुमि:

सरकारी तथ्याकं अनुसार प्रत्येक वर्ष ४ लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्ने गरेको देखिन्छ । निजामती, सुरक्षा क्षेत्र, नीजि/सार्वजानिक, गैर सरकारी र स्वरोजगारका क्षेत्रगरी १ लाख युवाले देश भित्र अवसर प्राप्त गर्न हम्मे छ । प्रत्येक वर्ष ४ लाख ५० हजार युवामध्ये १ लाख युवा पनि रोजगारीको लागि देश भित्र खपत हुन हम्मे छ भने विगतका वर्षहरु र आउने वर्षका युवाहरु पनि खाली नै रहन्छन् । यो संख्या देश भित्रै थुप्रिने हो भने देशले त्यो युवा जनशक्तिलाई कसरी व्यवस्थापन गर्ला, यो विषय सोचनीय छ । स्थानीय स्तरमा रोजगारीको न्यून अवसर, स्वरोजगार तथा व्यवहारिक शिक्षाको कमी, परम्परागत जीवन प्रणालीमा युवाको घट्दो रुची, गरिवी तथा समुन्नत जीवनको चाहना लगायतका कारण युवाहरु वर्षेनी वैदेशिक रोजगारमा जाने क्रम वढ्दो छ । वर्तमान अवस्थालाई हेर्ने हो भने हरेक दिन १२ देखी १५ सय नेपाली युवाहरु खाडीमुलुक, मलेसिया लगायतका देशहरुमा विदेशिने क्रम जारी छ । वैदेशिक रोजगार विभागको औपचारिक तथ्यांक अनुसार करिव ४५ लाख युवा वैदेशिक

**वैदेशिक रोजगार र नेपालको संविधान २०७२:**

**नेपालको संविधान, २०७२ को राज्यको मौलीक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा १) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । २) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । त्यसैगरी धारा ५१ (झ) श्रम र रोजगार सम्वन्धि नीति अन्तरगत बुँढा (५) मा वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गरी श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने प्रावधान छ । बुँढा (६) मा बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने भन्ने संवैधानिक व्यवस्था रहेको छ ।**

रोजगारमा गइसकेका छन् । यो औपचारिक रुपमा श्रम स्वीकृति लिएर जाने व्यक्तिको तथ्यांक हो । बाँकी २० लाख भन्दा वढि युवा भारत लगायत तेस्रो मुलुकवाट श्रम स्वीकृति नलिइ गएको अनुमान छ ।

राष्ट्र बैंकले गरेको अध्यायन अनुसार २०७५/०७६ मा नेपालमा ८ खर्व ७९ अर्व रेमिट्यान्स् भित्रिएको छ । जसले देशको कुल ग्राहस्थ उत्पादनमा २५.४ प्रतिशत योगदान दिएको छ । जसले देशको अर्थतन्त्रलाई चलायमान बनाएको छ । २०५२ सालमा ४२ प्रतिशतमा रहेको गरीबी हाल आएर २१ प्रतिशमा झरेको छ । यसरी गरिवी घट्नुमा रेमिट्यान्स्को मुख्य योगदान छ । गरिवी घट्नुका साथै शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा निम्न स्तरका समुदायको पहुँच उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगारको सवल पक्ष भनेको नै रेमिट्यान्स् तथा सीप ज्ञान आर्जन हो । तर त्यस्ता सीप ज्ञान लिएर फर्किएका जनशक्तिको उचित व्यावस्थापन तथा परिचालन गर्न नसक्नु आजको चुनौति हो । अर्को तिर खर्वौ रमिट्यान्स्को सही सदुपयोग र यसबाट दीर्घकाल सम्म कसरी फाईदा लिने भन्ने चुनौति उत्तिकै छ ।

अर्को महत्वपूर्ण  पक्ष भनेको गन्तव्य मुलुकमा गर्ने पर्ने कामको सीप नहुनु, त्यहाँको भाषा धर्म संस्कृतिको ज्ञान तथा जानकारी कमी हुनु हो । फलस्वरुप दिनमा ३ देखी ५ वटा सम्म लास (शव) देश भित्र भित्रिरहेको अवस्था छ भने अर्कोतिर देश भित्र र गन्तव्यमुलुकमा ठगी, वेपत्ता तथा अलपत्र परका घटनारु पनि उत्तिकै देखिन्छ । घर सम्हालेर वस्ने व्यक्तिहरु काम (चुला चौका, खेतवारी, गोठालापात, विहे वटुल, सामाजिक भेला, बालबच्चा/वृद्धको हेरचाह) को वोझ, घरेलु हिंसा तथा लान्छना लगायतका कारणले गर्दा मानसिक रुपमा विक्षिप्त छन् । जसले सामाजिक संरचनामा नै फेरबदल ल्याउन सक्ने अनुमान गर्न सकिन्छ । तसर्थ वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापन आजको टड्कारो आवश्यक्ता हो । जसको लागि तथ्यगत जानकारी तथा सूचनाहरु उपलब्ध भएमा प्रभावकारी नीति तथा कार्यक्रमहरु संचालन/सम्पादन गर्न मद्दत पुग्दछ भन्ने अभिप्रायका साथ **सिम्रौनगढ नगरपालिका** भित्रका सबै वडाहरुको वैदेशिक रोजगारसँग सम्वन्धित विभिन्न तथ्यांकहरु संकलन गरिएको छ ।

**वैदेशिक रोजगार र स्थानीय सरकार संचालन ऐन २०७४:**

**स्थानीय सरकार संचालन ऐनको दफा ११ (थ) अन्तरगत तपसिलको सुरक्षित वैदेशिक रोजगार सम्वन्धीको आधारभूत सेवाहरू प्रदान गर्ने जिम्मेवारी स्थानीयस सरकारको रहेको छ :**

**(४) वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्को सङ्कलन तथा व्यवस्थापन,**

**(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,**

**(६) वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीम सञ्चालन,**

**(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुन: एकीकरण,**

**(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग।**

## ६. तथ्यांक संकलन तथा पार्श्व चित्र निर्माणको उद्देश्य:

स्थानीय तह भित्रको वैदेशिक रोजगारको विद्यमान अवस्था (विदेशिएका जनसंख्या, परिवारमा रहेको जनसंख्या, रेमिट्यान्स् प्राप्ति तथा उपयोग, सामाजिक लागत लगायत) को बारेमा जानकारी हासिल गरी यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा संचालन गर्नमा सहयोग पुग्नेछ । यस पार्श्वचित्र तयारी गर्नुका प्रमुख उद्देश्यहरू निम्न लिखित छन् ।

- पालिका भित्रका घरधुरीबाट विदेशिएका युवाहरुको लगत तयार गर्ने ।
- वैदेशिक रोजगारबाट प्राप्त भई रहेको रेमिट्यान्स्को सम्भावित दिगो व्यवस्थापन तथा आयमूलक क्षेत्रमा परिचालनका कार्यक्रम संचालन लागि  रेमिट्यान्स् सम्वन्धी जानकारी हासिल गर्ने ।
- पालिका भित्रका वैदेशिक रोजगारका युवाहरुले वैदेशिक रोजगारमा जाँदा अवलम्वन गर्नु पर्ने अत्यावश्यक प्रकृयाहरु (सिप तालिम सिक्ने, कागजपत्रको एक प्रति घरपरिवारमा छाड्ने, सूचना लिएर

मात्र जाने लगायत) अवलम्वनको अवस्थाको बारेमा जानकारी लिई यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रम तय गर्न तथ्यगत आधार निर्माण गर्ने ।

- सुरक्षित आप्रवासनसँग सम्वन्धित सवालहरु खासगरी पारिवारिक पुनःएकिकरण तथा विभिन्न खालका सामाजिक समस्याहरुको उचित व्यवस्थापनका लागि सो संग सम्वन्धित जानकारी संकलन गर्ने ।

## ७. तथ्यांक संकलनको क्षेत्र र विधि :

सिम्रौनगढ नगरपालिकाको सम्पुर्ण ११ वटै वडाहरु । उक्त पार्श्वचित्र तयार गर्नको लागि आवश्यक तथ्यांकहरु गणना बिधिबाट संकलन गरिएका हुन् । जसको लागि अन्तरवार्ता विधी प्रयोग गरिएको छ । सहायक विधीको रुपमा अवलोकन र मुख्य सूचना दातासँग पनि छलफल गरिएको छ । खासगरी आप्रवासन अवस्था र रेमिट्यान्स् सँग सम्वन्धित पक्षहरुको विषयमा परिवारका सदस्यसँग अन्तरवार्ता गरिएको छ भने सामाजिक लागत तथा अन्य जानकारीहरु संकलनका लागि मुख्य सूचनादाताहरु सँग अन्तरवार्ता गरिएको छ । तथ्यांक संकलनमा **(KoBo Tool Box)** कोवो टुल वक्सको प्रयोग गरिएको छ ।

हरेक वडाहरुको घरघुरी तहमा पुगी सम्बन्धित परिवारको सदस्यहरुले प्रदान गरेको जानकारीको आधारमा तथ्यांकहरु संकलन गरिएको छ । जसको लागि सेवा प्रदायिक संस्थाले नगरपालिका कार्यालयसंग समन्वय गरी छनौट गरेका तथ्यांक संकलक (गणक) हरु परिचालन गरिएको थियो । ति गणकहरु सम्वन्धित वडाको स्थानीय वासिन्दा भएकाले तथ्यांक संकलनमा गहिराईसम्म पुग्न सजिलो भएको पाइएको छ ।

## ८. तथ्यांक संकलनको सिमा:

संकलित सूचनाहरु वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको परिवारले प्रदान गरेका आधारमा तयार गरिएको छ । यसले उनीहरुको अवस्थाको वास्तविकतालाई प्रतिनिधित्व गर्दछ । समग्रमा भन्ने हो भने यस तथ्यांकले मुख्य रुपमा सिम्रौनगढ नगरपालिका भित्रको वैदेशिक रोजगारको अवस्थालाई झल्काउदछ । तथ्यांक संकलनको लागि सेवा प्रदायक संस्था दलित जनजाति उत्थान केन्द्र, बाराले सिम्रौनगढ नगरपालिकासंग समन्वय गरी स्थानीय स्तरमा उपयोग तथा आवश्यक हुने प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ । संकलित व्यक्तिगत तथा पारिवारिक जानकारीहरु सुरक्षित राखिएका छन् ।

## ९. तथ्यांकको प्रयोगमा संबेदनसीलता

घरधुरी तहमा पुगी व्यक्ति/परिवारसँग सम्बन्धित व्यक्तिगत विवरण, उनीहरुको आम्दानी तथा खर्चको अवस्था (आर्थिक अवस्था), उनीहरुसँग सम्बन्धित ठगी तथा पीडाका घटनाहरु संकलन गरिएको छ । जुन उनीहरुको नितान्त व्यक्तिगत सूचनाहरु हुन् । यसका साथै वैदेशिक रोजगारका कारण परिवारमा भएका घरेलु हिंसा, लान्छाना, आरोप आदी सम्बन्धि घटनाहरु पनि संकलन गरिएका छन् । जुन अत्यन्तै सम्वेदनशील सूचनाहरु हुन् । त्यस्ता सूचनाहरुको संवेदननशीलता, गोपनीयता र त्यसको सार्वजनिकीकरणमा सम्वन्धित पक्षको ध्यान पुग्नु अत्यावश्यक ठानिएको छ । जुन सूचनाहरुको माध्यमवाट त्यस्ता घटनाहरु न्यूनीकरण तथा रोकथामका लागि योजना निर्माण तथा कार्यान्वयनको लागि मात्र उपयोग हुनेछन् ।

## १०. तथ्यांकको सारांश:

तथ्यांक संकलन, स्थलगत अनुगमन तथा अन्तरकृयाका क्रममा प्राप्त तथ्यगत सूचना तथा जानकारीहरुलाई संक्षिप्त रुपमा व्याख्या तथा विश्लेषण गरी विभिन्न रेखाचित्र तथा तालिकाहरुको माध्यमवाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ११. जनसाख्यिक विवरण:




एउटा तथ्यांक अनुसार सम्रौनगढ नगरपालिकामा ७,०९३ घरधुरीमा २३,५५५ महिला जनसँख्या र २५,०१५ महिला जनसँख्या रहेको छ । उक्त घरधुरीहरु मध्ये ६३५ जना युवाहरु वैदेशिक रोजगारीमा रहेका छन् ।

यी बाहेकका छुटिमा आएर जाने तरखरमा रहेका र जाने तयार भएका युवाहरु पनि उत्तिकै संख्यामा भेटिएका छन् । यसरी विदेश जाने मध्ये २३ (३.६ प्रतिशत) जना भारत गएका छन् भने बाँकी रहेका ६१२ (९६.४ प्रतिशत) जना मलेसिया, खाडीमुलुक तथा अन्य देश गएको पाइएको छ । विदेश जानेको देशगत संख्या तलको तालिकावाट थप जानकारी लिन सकिन्छ ।

गन्तव्य मुलुकको हिसावले यस स्थानीय तहका अधिकतम् व्यक्तिहरु क्रमशः मलेसिया, युएइ (दुवइ), कतार, साउदी अरव, कुवेत, जापान, बहराईन, कोरिया, बहराइन लगायतका देशमा गएको पाइएको छ ।

विदेशमा रहेका ६३५ जना मध्ये १८.१ प्रतिशत तराई दलित, ०.३ प्रतिशत बाहुन क्षेत्री, २२.२ प्रतिशत तराई जनजाति, ५८.९ प्रतिशत अन्य तराई मधेश र ०.५ प्रतिशत अन्य जाति रहेका छन् ।







वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत तथ्यांकलाई हेर्ने हो भने अधिकांश उर्वर उमेर समूहका जनशक्तिहरु गाउँ नगरमा छैनन् । यसरी वैदेशिक रोजगारमा जाने क्रममा महिलाहरु पनि वैदेशिक रोजगारमा जाने क्रम वढ्दो देखिन्छ । यस स्थानीय तहवाट वैदेशिक रोजगारमा गएका संख्या जम्मा ६३५ मध्ये महिलाको संख्या सुन्य रहेको पाइएको छ ।

संकलित तथ्यांक हेर्दा सवै भन्दा बढि २१ देखी ३० वर्ष उमेर समूहका व्यक्तिहरु (४२३ जना) वैदेशिक रोजगारमा गएका छन् । यसको साथै ५० वर्ष माथिका पाको उमेरका २ जना व्यक्तिहरु पनि वैदेशिक रोजगारमा रहेको पाइएको छ ।




पुरुषहरुको संख्या वैदेशिक रोजगारमा रहेकाले महिला घरमुलीको संख्यामा वृद्धि भएको पाइएको छ । जसले समग्र परिवारको जिम्मेवारी सम्हालि रहेको अवस्था छ ।






## १२. सुरक्षित आप्रबासन प्रकृया अवलम्बनको अबस्था:

विदेशिने युवाको संख्या उल्लेख्य भए पनि गन्तव्य देश/स्थलमा अत्यावश्यक सीप तालिम तथा जानकारीहरु लिएर जाने क्रम न्यून रहेको छ। ६३५ युवा मध्ये करिव ८.१९ प्रतिशत (५२ जना) ले मात्र सीप तालिम लिएर विदेश गएका छन् । यसरी सीप तालिम नलिइ जानाले गन्तव्य मूलुकमा दुर्घटना लगायत विभिन्न खाले हिंसा तथा ठगीहरुको सामाना गर्नु परिरहेको तथ्यांकले देखाएको छ।




विदेश गएका ६३५ जना मध्ये करिव १६.४ प्रतिशत (१०४ जना) ले मात्र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना लिएर गएको पाइएको छ। जसले गर्दा अत्यावश्यक सूचनाको अभाव सँगै विभिन्न ठगीका समस्या तथा दुर्घटनामा पर्ने गरेको पाईएको छ । जम्मा विदेश गएका मध्ये ३१.८ प्रतिशत (२०२ जना) ले अत्यावश्यक कागजपत्र छाडेर गएको अवस्था छ । यसरी हेर्दा सुरक्षित आप्रवासन प्रकृया अर्थात सुरक्षित वैदेशिक रोजगार सम्वन्धी प्रकृया पूरा गरेर जानेका संख्या न्यून रहेका छ।




फलस्वरुप वैदेशिक रोजगारवाट प्राप्त हुने लाभ उल्लेख्य मात्रामा लिन नसकेको अवस्था छ। मलेसिया तथा खाडी मुलुकहरुमा जानको लागि सरकारले फ्रि भिषा फ्रि टिकेटको नियम लागू गरे पनि उक्त प्रावधान अनुरुप मानिसहरु वैदेशिक रोजगारमा जान नपाएको तथ्यांकले देखाएको छ। विस्तृत विवरण तलको रेखाचित्रवाट हेर्न सकिन्छ । **तलको तालिकामा १० देखी २० हजार र ३० देखी ५० हजार रकम तिरेको देखिन्छ। उक्त रकमले भारत जादा लागेको लागतलाई जनाउँदछ।** खाडीमुलुक, मलेसिया लगायतको देशहरु जानको लागि ५० हजार माथि लागत एजेन्ट तथा मेनपावर कम्पनीलाई तिर्नु पर्ने वाध्यता रहेको तथ्यांकले देखाएको छ।






करिव ८३.प्रतिशत व्यक्तिहरुले वैदेशिक रोजगारमा जानको लागि ऋण लिएको पाइएको छ । यसरी लिइएको अधिकांश ऋण आफन्त र साहु महानजवाट लिएका छन् । उक्त ऋणको व्याजदर अधिकांशले २५ देखि ३६ प्रतिशत सम्म लिएको पाइएको छ भने करीब २६ जना (५ प्रतिशत) ले मात्र कम ब्याज दरमा ऋण लिएर विदेश गएको अवस्था पाइएको छ ।




## १३. रेमिटेन्स/ विप्रेषण प्राप्ति तथा त्यसको उपयोग:

वैदेशिक रोजगारको सवल पक्ष भनेको नै रेमिट्यान्स् तथा सीप ज्ञान आर्जन हो । यस पालिकामा **एक वर्ष भित्र १७ करोड ४७ लाख १३ हजार रुपैया रेमिट्यान्स् प्राप्त** हुने घरधुरी सर्वेक्षणवाट जानकरी प्राप्त भएको छ । उक्त रेमिट्यान्स् ६३५ जनाले एक वर्षमा परिवारलाई पठाएको विवरण हो । यसरी पठाउनेमा मलेसिया, खाडी मुलुक तथा अन्य देशवाट रु. **१७ करोड २० लाख २४ हजार रुपैया रेमिट्यान्स् प्राप्त** भएको छ ।

भारतवाट रु. **२६ लाख ८९ हजार रुपैया रेमिट्यान्स् प्राप्त** भएको अवस्था छ । जसले पालिकाको आर्थिक गतिविधीलाई चलायमान बनाएको छ । जसको उपयोग ३०.४ प्रतिशत ऋण तिर्न, २४.१ प्रतिशत घर खर्च, ११.९ प्रतिशत स्वास्थ्य/शिक्षा, २० प्रतिशत घर वनाउन, ८ प्रतिशत जग्गा खरीदमा, १.७ प्रतिशत वचत र १.२ प्रतिशत ऋण लगानीमा खपत भएको सर्वेक्षणवाट जानकारी प्राप्त भएको छ ।

<table>
<tr><th>गन्तव्यमूलक</th><th>जम्मा रमिटान्स</th><th>विदेश गएको संख्या</th><th>महिना</th><th colspan="3">प्रति महिना औसत कमाई</th></tr>
<tr><td>भारतबाट प्राप्त रेमिटान्स</td><td>२६८९,०००</td><td>२३</td><td>१२</td><td colspan="3">९७४२.७५</td></tr>
<tr><td colspan="3">खाडी, मलेसिया र अन्य देशबाट प्राप्त रेमिटान्स</td><td>१७२०२४,०००</td><td>६१२</td><td>१२</td><td>२३४२३.७४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७४,७१३,०००</td><td>६३५</td><td></td><td></td></tr>
</table>




वैदेशिक रोजगारमा गएका युवाहरुले वर्षमा पाँच पटक सम्म रेमिट्यान्स् पठाउने गरेको पाईएको छ । तर वर्षमा २ देखी ३ पटक सम्म पठाउने संख्या वढि रहेको छ । स्थानीय तहमा वार्षिक रुपमा रमिट्यान्स् ठुलो आकारमा भित्रि रहेको छ । जसले पालिकाको जनजीवनलाई आर्थिक रुपमा महत्वपूर्ण टेवा पुर्याएको छ । यसरी प्राप्त भएको रेमिट्यान्स्को उचित व्यवास्थापन तथा परिचालनको लागि व्यक्तिगत तथा संस्थागत तहमा योजनावद्ध प्रयासको कमी देखिन्छ ।






## १४. बैदेशिक रोजगार समस्या/सामाजिक लागत:

वैदेशिक रोजगारको क्रममा स्वदेश तथा विदेशमा १३ जना समस्यामा भेटिएका छन् । यो वेदेशिक रोजगरमा जाने कुल संख्याको करीव २ प्रतिशत हो । जसमध्ये अधिकांसले भने अनुसारको काम र तलव नपाएको घटनाहरु प्राप्त भएको छ ।




यी घटनाहरु वाहेक, वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खाले समस्याहरु पनि रहिआएका पाइएका छन् । जुन कति देखिन सक्छन् । कति महसुस गर्न सकिन्छ । कति देख्न र वोल्न सकिदैन । मानसिक चिन्ता, पारिवारिक वेमेल, घरेलु हिंसा, दोस्रो विवाह, आत्महत्या, आरोप तथा लान्छाना लगायतका घटनाहरु पनि वढ्दो क्रमममा छ । वृद्धवृद्धा मात्र घरमा हुने र परिवारका सदस्यहरुको प्रत्यक्ष सहारा नपाउने, वालवचाहरुको उचित हेरचाहको कमी लगायतका घटनाहरुको संख्याको पनि वृद्धि भइरहेका छन् । यस्ता समस्याहरुको रोकथाम तथा सम्वोधनका लागि सचेतना अभिवृद्धिका कार्यक्रम निर्माण तथा कार्यान्वयनका साथै नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन हुनु आवश्यक छ ।

वैदेशिक रोजगारका कारण दोस्रो विवाहमा वृद्धि भइरहेको भनाइहरु आइरहेको सन्दर्भमा यस पालिकामा दोस्रो विवाह नभएको पाइएको छ ।

यस पालिकाका टोल वस्तीहरुवाट अंग्रेजी माध्यम र गुणस्तरीय शिक्षाको लागि शहरका वोर्डिङ स्कुलहरुमा पढ्न जाने तथा पठाउने क्रम रहेको पाइएको छ । यस अवधीमा जम्मा १६९ घरपरिवारका वालवालिकाहरु पालिका भित्र, कलैया र अन्य शहरहरु गएको/पठाएको पाइएको छ । विस्तृत विवरण तलको तालिकावाट देख्न सकिन्छ । विदेशवाट कमाएको पैसाले ५ घर परिवारले शहरमा घडेरी किनेको पाइएको छ । तलको तालिकावाट घडेरी खरीद सम्वन्धीको विवरण देख्न सकिन्छ । यसको साथै यस पालिकाका टोलवस्तीबाट पालिका भित्रै बसाई सरेर जाने योजना भएका ६ घर परिवारहरु पाइएको छ ।



## १५. बैदेशिक रोजगारबाट फर्केकाहरुको विवरण

तथ्यांक संकलन, स्थलगत अनुगमन तथा अन्तरकृयाका क्रममा प्राप्त तथ्यगत सूचना तथा जानकारीहरुलाई संक्षिप्त रुपमा व्याख्या तथा विश्लेषण गरी विभिन्न रेखाचित्र तथा तालिकाहरुको माध्यमबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## जनसाख्यिक विवरण:

एउटा तथ्यांक अनुसार सिम्रौनगढ नगरपालिकामा १८६८९ घरधुरीमा ५९,३७६ महिला जनसँख्या र ६३,६४८ पुरुष जनसँख्या रहेको छ । उक्त घरधुरीहरु मध्ये १३२० जना पुरुष युवाहरु वैदेशिक रोजगारीबाट फर्केका रहेका छन् ।




यसरी विदेशबाट फर्केर आएका मध्ये १२६३ जना पुरुष (९५.७ प्रतिशत) पुरुषहरु र ५७ जना (४.३ प्रतिशत) महिला युवाहरु वैदेशिक रोजगारीबाट फर्केका छन् । वैदेशिक रोजगारीबाट फर्केकाहरु मध्ये ५७ जना (४.३ प्रतिशत) भारतबाट साथै १२६३ जना (९५.७ प्रतिशत) मलेसिया, खाडीमुलुक तथा अन्य देश गएको पाइएको छ । विदेशबाट फर्केर आएका देशगत संख्या तालिकाबाट थप जानकारी लिन सकिन्छ ।

## १६. वैदिशक रोजगारीमा गएको देश :

गन्तव्य मुलुकको हिसावले यस स्थानीय तहका अधिकतम् व्यक्तिहरु क्रमश: मलेसिया, कुवेत, ओमान, जोर्डन, साउदी अरब, बहराइन, युएइ दुबई, भारत, कतार, युरोप, अष्ट्रेलिया लगायतका साथै अन्य देशबाट फर्केका पाइएको छ ।



## १७. वैदिशक रोजगारीमा गएकाको जातिगत विवरण :

विदेशबाट फर्केका १३२० जना मध्ये १.२ प्रतिशत तराई ब्राम्हण क्षेत्री, २१ प्रतिशत तराई जनजाति, ११.९ प्रतिशत तराई दलित, ६१ प्रतिशत अन्य तराई मधेश, ०.२ प्रतिशत पहाडी ब्राम्हण क्षेत्री र ४.८ प्रतिशत अन्य जाति रहेका छन् ।




## १८. वैदिशक रोजगारीमा गएकाको उमेरगत विवरण:

संकलित तथ्यांक हेर्दा सवै भन्दा बढि २१ देखी ३० वर्ष उमेर समूहका व्यक्तिहरु (७२९ जना) वैदेशिक रोजगारीबाट फर्केका छन् । यसको साथै ५० वर्ष माथिका पाको उमेरका ९ जना व्यक्ति पनि वैदेशिक रोजगारीबाट फर्कर आएको पाइएको छ ।




## १९. वैदिशक रोजगारीबाट फर्किनुका कारण :

वैदेशिक रोजगारीबाट फर्केका मध्ये सब भन्दा बढी १०२६ जना (७७.७प्रतिशत) सम्झौता सकिएर आएका पाइएको छ भने १४ जना (१.१ प्रतिशत) कोरोनाले गर्दा कम्पनीले करार अवधि नसकी नै फिर्ता पठाएका, १३ जना (१ प्रतिशत) कोरोनाले गर्दा राजीनामा दिएर सुरक्षित हुन र परिवारसंग रहन, ८६ जना (६.५ प्रतिशत)ले कम्पनी टुटेर फर्केका, २९जना (२.२प्रतिशत) कोरोना वाहेक अन्य स्वास्थ्य समस्या भएर फर्केका साथै २९ जना (२.२ प्रतिशत) अन्य कारणले गर्दा वैदेशिक रोजगारीबाट फिर्ता आएको पाइएको छ ।



## २०. वैदिशक रोजगारीबाट फर्केकाहरुको अवस्था :

वैदेशिक रोजगारीबाट फर्केका मध्ये ११०९ जना (८४ प्रतिशत) विवाहित तथा बाँकी २१० जना (१५.९ प्रतिशत) अविवाहित पुरुषहरु पाइएको छ । वैदेशिक रोजगारीबाट फर्केका मध्ये ७३९ जना (५६ प्रतिशत) पुनः वैदेशिक रोजगारीमा जाने सोचमा रहेका छन् भने ५८१ जना (४४ प्रतिशत) ले मात्रै वैदेशिक रोजगारीमा नजाने सोचमा रहेका छन् । वैदेशिक रोजगारीबाट फर्केका १३२० जना मध्ये ६५८ जना (४९.८ प्रतिशत) बेरोजगार रहेको र जागिरको खोजि गरिरहेको, ३२९ जना (२४.९ प्रतिशत) ले स्वरोजगार गरि रहेका छन्, २९६ जना (२२.४ प्रतिशत) पुनः विदेश जानलाई कुरिरहेका छन् भने ३७ जना (२.८ प्रतिशत) ले मात्र जागिर रहेका पाइएको छ । वैदेशिक रोजगारीबाट फर्केका मध्ये ४५५ जनाले मात्रै सिप सिकेर विदेश गएका थिए भने २९३ जनाले विदेशमा रहदा सिप सिकेका पाइएको छ । सिप सिकेर जाने मध्ये ७ जना पलम्बर, २ जना स्काफोल्डिङ, ११ जना कार्पेन्टर, २० जना मेसन, १७ जना इलेक्ट्रिशियन, १ जना क्लिनर, ५ जना स्टील फिक्सचर, १० जना कृषि, ७ जना सेक्युरिटी गार्ड, ६ जना बेल्डर, २०७ जना अन्य तालिम लिएर वैदेशिक रोजगारीमा गएका थिए ।










वैदेशिक रोजगारीबाट फर्केका १३२० मध्ये ४२६ जना (३२.३ प्रतिशत) लाई सीप परिक्षण बारे जानकार रहेका र ८९४ जना (६७.७ प्रतिशत) लाई सीप परिक्षण बारे जानकार नभएको साथै १ जना महिला र ३०९ जना पुरुषहरुले सीप परिक्षण गरिसकेको पाइएको छ ।



## २१. वैदिशक रोजगारीबाट कमाएको पैसाको लगानीको अवस्था :

वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुले विदेशबाट कमाएको पैसा १२८५ जनाले घर खर्च तथा खानपान, ११७४ जनाले स्वास्थ्य तथा औषधी उपचार, ११०४ ले ऋण तिर्न, ३०५ जग्गा खरिदमा ६१६ जनाले घर निर्माण, ५३४ जनाले केटाकेटीलाई पढाउन शिक्षा, ६७ जनाले ऋण लगानी तथा ४० जनाले व्यवसायमा लगानी गर्नुका साथै २२६ जनाले बचत गरेको पाइएको छ ।




वैदेशिक रोजगारीबाट फर्केका कामदारहरु मध्ये ४ जनाले कुखुरापालन, १५ जनाले बाखा पालन, २२ जनाले तरकारी खेती, १६६ जनाले व्यापार व्यवसाय, २८ जनाले गाई पालन, १ जनाले डेरी संचालन, १ जनाले सरकारी जागिर, ६४ जनाले यही रोजगार गर्ने र ३८ जनाले अन्य व्यवसाय गर्ने योजनामा रहेका छन् भने १ जनाले कुखुरा पालन, २ जनाले तरकारी खेती, १७ जना व्यापार व्यवसाय र ९ जनाले अन्य काम गरिरहेका पाइएको छ । उक्त व्यापार व्यवसायबाट २९ जनाले रोजगारी पाएका छन् ।






## २२. व्यवसाय प्रबर्द्धनका लागि स्थानीय सरकारबाट सहयोग विवरण :

व्यवसाय प्रबर्द्धनका लागि स्थानीय सरकार तथा विभिन्न निकायबाट ३ जनालाई अन्य सहयोग प्रदान गरिएको पाइएको छ ।




## २३. व्यवसाय प्रबर्द्धनका लागि स्थानीय सरकारबाट सहयोगको अपेक्षा :

वैदेशिक रोजगारीबाट फर्केका कामदारहरु मध्ये व्यवसाय शुरु गर्न वा प्रबर्द्धनका लागि स्थानीय सरकार तथा अन्य निकायबाट २६४ जनाले नगद सहयोग, १५५ जनाले सामग्री सहयोग, ६३ जनाले प्राविधिक सहयोग, ९५ जनाले तालिम, १२२ जनाले व्यवसाय दर्तामा छुट र १०७ जनाले अन्य सहयोग प्राप्त हुने अपेक्षा गरेको पाइएको छ ।




## २४. व्यवसाय शुरु गर्न वा प्रबर्द्धन गर्न अप्ठयाराहरु :

व्यवसाय शुरु गर्न वा प्रबर्द्धन गर्न २२६ जनालाई बजार व्यवस्थापन, २५ जनालाई सिचाई, ९९ जनालाई प्राविधिक सहयोगको कमी, ११७ जनालाई तालिम, ४७ जनालाई यातायात तथा ढुवानी, ९१ जनालाई अनुदान, ३० जनालाई कच्चा सामग्रीको कमी, ३४ जनालाई नीति नियम र २३३ जनालाई बजेटको अभाव हुने अप्ठयाराहरु आउने सम्भावना व्यक्त गरेका छन् ।



## १५. पालिका भित्रको बैदेशिक रोजगारका सवालहरु:

| वर्तमान अवस्था | सवालहरु | सम्भावित तथा प्रस्तावित कार्यक्रम |
|---|---|---|
| ✦ युवाहरुको वैदेशिक रोजगार प्रतिको आकर्षण वढिरहको छ ।<br>✦ उमेर पुग्ने वित्तिकै वा नपुगी उमेर वढाएर जाने क्रम पनि वढिरहेको छ ।<br>✦ यस स्थानीय तहबाट ६३५ (२३ जना भारत सहित) जना वैदेशिक रोजगारमा गएका पाइएको छ । | ✦ स्थानीय तहमा नै कसरी रोजगारी तथा स्वरोजगारको सृजना कसरी गरी युवाहरुलाई नगर तथा देश विकासमा संलग्न गराउन सकिन्छ ? | ✦ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा स्थानीय स्तरको माग तथा आवश्यकता अनुसार संचालन गर्ने ।<br>✦ स्थानीय तह मार्फत संचालन हुने क्रियाकलापहरुलाई रोजगारी तथा स्वरोजगारको क्षेत्रमा बढावा दिने । |
| ✦ वेदैशिक रोजगारमा गएका ६३५ मध्ये ८.२ प्रतिशतले (५२ जना) मात्र सीप सिकेर गएका छन् ।<br>✦ जसका कारण युवाहरुले अपेक्षित रुपमा कमाई गर्न सकेका छैनन् ।<br>✦ बिना सीप तालिम विदेश जाने क्रमले कार्य थलोमा विभिन्न खाले अवहेलना सहनु पर्ने तथा दर्घटनाका सम्भावनाहरु पनि उत्तिकै मात्रामा सम्भावना रहन्छ । | ✦ सीप सिकेर विदेश जाने युवाहरुलाई तालिमको व्यवस्था कसरी गर्ने ?<br>✦ त्यसको लागि आवश्यक संयन्त्र के हुने ।<br>✦ सीप सिकेमा विदेशमा मात्र नभई स्वदेश फर्के पछि पनि उपयोगी हुन सक्छ भन्ने सोंचको विकास कसरी गर्ने ? | ✦ स्वदेशको रोजगारीको लागि आवश्यक सीप विकासको कार्यक्रम संचालन गर्ने ।<br>✦ विदेश जाने निर्णय गरिसकेका व्यक्तिहरुको लागि सोही वमोजमको सीप तालिमका कार्यक्रम संचालन गर्ने ।<br>✦ संचालन भइरहेको सामी परियोजनाको सीप तालिम सँग समन्वय गर्ने ।<br>✦ सीप तालिमको महत्व र उपलब्धताको बारेमा मुख्य नाकाहरुमा होर्डिङ बोर्ड राख्ने ।<br>✦ टोल वस्ती स्तरमा सीप तालिम र स्थानीय तहमा प्राप्त हुने रोजगारीको वारेमा जानकारी संप्रेषणको लागि रिटर्नी स्वयंसेवक परिचालन गर्ने । |
| ✦ वैदेशिक रोजगारमा गएका मध्ये १६.४ प्रतिशत (१०४ जना) ले मात्र आवश्यक सूचना लिएर गएको पाईएको छ । | ✦ आवश्यक सूचना तथा जानकारी लिएर गए ठगी तथा अलपत्र पर्ने कम सम्भावना हुन सक्छ ।<br>✦ यस्ता सूचना प्रदान गर्ने उपयुक्त माध्यम के हुन सक्छ ? | ✦ स्वदेशको रोजगारी र विदेशको रोजगारीको विषयमा सूचना संम्प्रेषणको लागि वडा तहमा नै रिटर्नी स्वयंसेवक परिचालन गर्ने ।<br>✦ रिटर्नी स्वयंसेवक मार्फत रोजगार सेवा केन्द्र र आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) मा विदेश जाने व्यक्तिलाई सिफारिस गर्ने । |

| वर्तमान अवस्था | सवालहरु | सम्भावित तथा प्रस्तावित कार्यक्रम |
|---|---|---|
| ✦ विदेश गएका ३१.८ प्रतिशत व्यक्तिले मात्र अत्यावश्यक कागजपत्रको प्रतिलिपी घरपरिवारमा छाडेको पाइएको छ । | ✦ अत्यवश्यक कागजातको प्रतिलिपी घरपरिवारमा छाडेमा कानुनी सहायता लिन सजिलो हुने गर्दछ ।<br>✦ यस सम्बन्धी आवश्यक जानकारी तथा सूचनाहरु दिने दीगो संयन्त्र के हन सक्छ ? कसरी व्यवस्थापन गर्ने ? | ✦ टोल, वडा तहको छलफल, होर्डिङवोर्ड तथा रिटर्नी स्वयंसेवकहरु मार्फत कागजपत्रको सुरक्षाको वारेमा जनचेतना विस्तार गर्ने । |
| ✦ गन्तव्यमूलकमा काम गर्ने कम्पनीले नेपालमा कवोल गरे वमोजिमको काम, तलव नदिएको, अलपत्र पारेको, लामो समय देखी घर फर्कन नदिएको लगायतको विभिन्न खालका ३ वटा मुद्दाहरु प्राप्त भएका छन् । | ✦ त्यस्त मुद्दाहरुलाई कसरी कानुनी सेवा प्रदान गर्न सकिएला ?<br>✦ त्यस्ता समस्यावाट वच्नको लागि के कस्ता पूर्व सावधानीहरु के कसरी अपनाउन सकिन्छ ?<br>✦ त्यसको लागि के कस्ता संयन्त्र उपलव्ध छ वा निर्माण गर्न सकिन्छ ?<br>✦ सो सम्बन्धी कसरी सूचना प्रवाह गर्ने ? | ✦ टोल, वडा तहको छलफल, होर्डिङवोर्ड मार्फत कानुनी सहायतको विषयमा जानकारी दिने ।<br>✦ रिटर्नी स्वयंसेवकहरु परिचालन गरी ठगी लगायतको मुद्दाहरुमा कानुनी सहायतको लागि आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) मा सिफारिस गर्ने । |
| ✦ वार्षिक रुपमा यस स्थानीय तहमा रु. १७ करोड ४७ लाख १३ हजार रेमिट्यान्स भित्रिने गरेको छ ।<br>✦ उक्त रकमको ६९.३ प्रतिशत भन्दा वढि घरखर्च, ऋण चुक्ता तथा शिक्षा/स्वास्थ्य जस्ता क्षेत्रमा खपत भइरहेको छ । | ✦ उक्त रेमिट्यान्सलाई आयमूलक क्षेत्रमा लगानीको लागि सहजिकरण कसले गर्ने ?<br>✦ त्यसको लागि आवश्यक कार्यक्रम तथा नीतिगत व्यवस्था के हुने ? कस्ता किसिमका कार्यक्रमहरु संचालन गर्ने ? | ✦ रेमिट्यान्स्लाई आयमूलक क्षेत्रमा लगानीको लागि वित्तिय साक्षरता कार्यक्रम संचालन गर्ने ।<br>✦ त्यसको लागि आवश्यक नीतिहरुको तर्जुमा गर्ने ।<br>✦ रेमिट्यान्स् प्राप्त गर्ने परिवारलाई उद्यम विकास गर्नको लागि प्रोत्साहनको प्याकेजहरु तयार गरी कार्यान्वयन गर्ने । |
| ✦ वैदेशिक रोजगारमा संलग्न घरपरिवारमा पारिवारिक बेमेल, वृद्धवृद्धाहरु एक्लिने (सहारा विहीन हुने), वालवालिकाहरु सहारा विहिन भएको, विदेश गएका व्यक्तिहरु लामो समय देखी सम्पर्कमा नआएको जस्ता करिव ३ वटा घटना भेटिएका छन् । उक्त घटना देखे सुनेका मात्र हुन् ।<br>✦ यस्ता घटनाहरुको संख्या भित्रि रुपमा अरु थप हुन | ✦ यस्ता सम्वेदनशील समस्याहरुको सम्वोधन तथा व्यवस्थापनमा कुन सरोकारवाहरुको भूमिका के हुने, कसरी सम्वोधन गर्ने ?<br>✦ सरोकारवालाहरु जनप्रतिनीधि, आमा समूह, महिला संजाल, अधिकारकर्मी, सुरक्षा निकायको भूमिका समस्या देखिए पछि समाधानमा मात्र हुने की रोकथामका लागि सचेतनामूलक | ✦ सहारा विहिन जेष्ठ नागरिकहरु, वैदेशिक रोजगारका कारण विक्षिप्त परिवारहरुको लागि आवश्यक कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।<br>✦ परिवारिक तथा सामाजिक एकिकरण सम्बन्धिको कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । |

